# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, कार्तिक १४ गते २०२९ साल [ संख्या २८

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालय

#### भूमि प्रशासन (दोस्रो संशोधन) नियमहरू, २०२९

भूमि प्रशासन नियमहरू, २०२४ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले श्री ५ को सरकारले भूमि प्रशासन ऐन, २०२४ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "भूमि प्रशासन (दोस्रो संशोधन) नियमहरू, २०२९" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीको नियम ११ मा संशोधनः– मूल नियमावलीको नियम ११ को उप-नियम (३) लाई उप-नियम (४) गरी देहायको उप-नियम (३) थपिएको छः–

"(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक ठहराएमा एक सदस्यीय समिति गठन गरी तोकिएको क्षेत्रमा ऐनको दफा २१ बमोजिम जग्गा दर्ता गर्ने काम गर्ने गराउन सक्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम १३ मा संशोधनः– मूल नियमावलीको नियम १३ को उप-नियम (४) लाई उप-नियम (६) गरी देहायको उप-नियम (४) र (५) थपिएको छः–

"(४) उप-नियम (३) मा उल्लेखित म्याद नघाई किस्तावन्दीको रकम बुझाउन ल्याएमा जेष्ठ मसान्तसम्ममा भए सो किस्तावन्दीको रकमको एक प्रतिशत र आषाढ मसान्तसम्ममा भए पाँच प्रतिशत जरिवाना सहित सो किस्तावन्दीको रकम असूल उपर गरिनेछ ।

(५) उप-नियम (४) बमोजिमको म्यादभित्र पनि किस्तावन्दीको रकम नबुझाएमा भूमिप्रशासकले सम्बन्धित जग्गा र सो जग्गाको कुनै किस्ता बुझाइसकेको भए सो रकम समेत जफत गर्नेछ ।"

४. मूल नियमावलीको नियम १७ मा संशोधनः– मूल नियमावलीको नियम १७ को सट्टा देहायको नियम १७ राखिएको छः–

"१७. जफत भएको जग्गा बिक्री वितरण गर्नेः– ऐनको दफा २१ को उप-दफा (३) र नियम १३ को उप-नियम (५) बमोजिम जफत भएको जग्गाको सम्बन्धमा भूमिप्रशासकले दरखास्त आह्वान गरी नियम १६ को प्राथमिकताको क्रम अनुसार नियम १२ बमोजिम बिक्री वितरण गर्नेछ ।"

आज्ञाले–
रामबहादुर रावल
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको
## सूचना

जग्गा (नाप जांच) ऐन २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ०२६।३० को सिजना धनकुटा जिल्लाको जग्गाको क्षेत्रफल यकीन गर्न किसिम छुट्याउन दर्ता गर्न गराउन र नाप जांच गर्न यो आदेश जारी गरिएको छ ।

आज्ञाले–
रामबहादुर रावल
श्री ५ को सरकारको सचिव

३०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।